## पुथा उत्तरगङ्गा गाउँपालिका

### गाउँ कार्यापालिका बैठकको प्रस्ताव एवं निर्णयहरु

बैठक सङ्ख्या: ५५, बैठक मिति: २०८३।०२।०७, समय: बिहान ११:०० बजे

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | कै. |
|---|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको ५४ औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ५५ औं कार्यपालिका बैठक प्रारम्भ गरियो । | |
| २ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन सम्बन्धमा । | २. पुथा उत्तरगङ्गा गाउँपालिका स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आर्थिक वर्ष २०८३।०८४ को लागि तयार गरेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो । | |
| ३ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको योजना तर्जुमा प्रक्रिया तथा योजनाको छनोटको मार्गदर्शन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको योजना तर्जुमा प्रक्रिया तथा योजना छनोटको मार्गदर्शन अनुमोदन गर्ने निर्णय गरियो । | |
| ४ | आइतबार सरकारी कार्यालय सञ्चालन तथा सेवा प्रवाह सम्बन्धमा । | "नेपाल सरकार (संघीय) मन्त्रिपरिषद्को निर्णय बमोजिम देशव्यापी रूपमा इन्धनको खपत कम गर्ने उद्देश्यले लागू गरिएको हप्ताको दुई दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिने व्यवस्थाका सम्बन्धमा विस्तृत छलफल गरियो।<br>यस पुथा उत्तरगंगा गाउँपालिकाको विशिष्ट र अत्यन्तै विकट भौगोलिक बनोटका कारण यहाँका छरिएका बस्तीहरूबाट नागरिकहरू सेवा लिन आफ्नो वडा कार्यालयसम्म पुग्न र गाउँपालिकाको केन्द्र (तकसेरा) सम्म आइपुग्न पैदल हिंडेरै १ देखि २ दिनसम्मको कठिन यात्रा गर्नुपर्ने बाध्यात्मक परिस्थिति विद्यमान छ। संघीय सरकारले इन्धन बचतको उद्देश्य राखेको भए तापनि यस गाउँपालिकामा नागरिक तथा कर्मचारीहरू पालिका र वडा केन्द्रसम्म आवतजावत गर्न सवारी साधनको नभई मुख्य रूपमा पैदल यात्राकै भर पर्नुपर्ने अवस्था रहेको हुँदा यहाँ आइतबार बिदा दिँदा इन्धन बचतमा कुनै उल्लेखनीय योगदान पुग्ने देखिँदैन। उल्टै, हप्तामा दुई दिन कार्यालय बन्द हुँदा टाढा-टाढाबाट पैदल हिंडेर आउने | |

| | | | |
|---|---|---|---|
| | | विपन्न तथा सर्वसाधारण नागरिकहरूले थप दिन होटलमा बस्नुपर्ने, आर्थिक भार बढ्ने र सास्ती भोग्नुपर्ने अवस्था देखिएको छ।<br>अतः संघीय सरकारको राष्ट्रिय नीतिको मर्मलाई सम्मान गर्दै, स्थानीय नागरिकको सुलभ रूपमा सेवा पाउने अधिकारलाई सर्वोपरि ठानी, नेपालको संविधानको अनुसूची ८ को बुँदा नं. ५ (स्थानीय सेवाको व्यवस्थापन) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो गाउँ कार्यपालिका निम्नलिखित बमोजिम निर्णय गर्दछः<br>❖ यस पुथा उत्तरगंगा गाउँपालिका र अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा शैक्षिक संस्थाहरूमा आइतबारका दिन समेत साविक बमोजिम नियमित रूपमा कार्यालय सञ्चालन गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने।<br>❖ आइतबार कार्यालय सञ्चालन गर्दा प्रचलित कानुन (निजामती सेवा ऐन तथा श्रम कानुन) बमोजिम कर्मचारीहरूको हप्ताको कुल कार्यघन्टा (४० घन्टा) सुनिश्चित हुने गरी कार्यालय समय साविक बमोजिम (आइतवार देखी विहिवार १०:०० बजेदेखि ५:०० बजेसम्म र शुक्रबार ३:०० बजेसम्म) कायम गर्ने।<br>❖ आइतबारका दिन पालिका र वडा कार्यालयहरू खुला रहने भए तापनि बैंक तथा वित्तीय संस्थाहरू संघीय नियमन अनुसार बन्द रहने हुँदा, सो दिन संकलन हुने स्थानीय राजस्व/दस्तुरको व्यवस्थापनका लागि पालिकाको खाता रहेको स्थानीय बैंकको शाखासँग आवश्यक समन्वय गर्ने।<br>❖ यस गाउँपालिकाको विशिष्ट भौगोलिक परिस्थिति, इन्धन खपत नहुने यथार्थता र नागरिकले भोग्नुपरेको सास्तीको विवरण खुलाई यो निर्णयको जानकारी बचावट सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, रुकुम (पूर्व) लाई गराउने।<br>❖ यो निर्णय मिति २०८३/०२/०८ देखि लागू हुने गरी आम नागरिकको जानकारीका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने समेत निर्णय गरियो।" | |
| ५ | शैक्षिक सुधार वर्ष २०८३ को प्रतिवेदन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका शिक्षा शाखा प्रमुखले प्रस्तुत गरेको शैक्षिक सुधार वर्ष २०८३ को प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो । | |

| | | | |
|---|---|---|---|
| ६ | हुकाम मैकोट जोड्ने बिलिबृज उद्घाटन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को वार्षिक बजेटबाट निर्माण सम्पन्न भएको हुकाम मैकोट जोड्ने बिलिब्रिज यहिँ जेष्ठ १० गते गाउँपालिका अध्यक्ष ज्यूबाट उद्घाटन गर्ने निर्णय गरियो । | |
| ७ | गुम्रिघाट जलविद्युत योजना कुलो निर्माण सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको सबै वडामा पुगी एकीकृत रुपमा सेवा प्रभाह तथा स्वास्थ्य चेकजाँच उपचार गर्ने उद्देश्यले यहि मिति २०८३ वैशाख १० गते देखि एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने निर्णय गरियो । पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ९ मा रहेको गुम्रिघाट लघु जल विद्युत योजनाको कुलो नाली भट्की विद्युत सेवा बन्द भएकोले उक्त कुलो नाली मर्मत गर्ने निर्णय गरियो । | |
| ८ | विद्यालय समायोजनको भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धमा । | विद्यालय समायोजनको भौतिक पूर्वाधार व्यवस्थापन तथा जनशक्ति व्यवस्थापन सम्बन्धमा छलफल गर्दा श्री महेन्द्र मावि तकसेरा र हिमालय जनजागृति आवि बाच्छिगाउँ शैक्षिक वर्ष २०८२ देखि कार्यान्वयन हुने गरी आवश्यक प्रक्रिया सहित दुबै विद्यालय समायोजन भैसकेको हुँदा समायोजन पछि | |
| ९ | विविध सम्बन्धमा । | ❖ लुम्बनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको मिति २०८८३।०१।११ गते च.नं. ५८५ को पत्रानुसार अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सम्बन्धी कार्यविधि २०८२ अनुसार प्रदेस सरकार, स्थानीय सरकार र अन्य संस्थाद्वारा सञ्चालन हुने अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गर्न र समुदायमा आधारित पुनः स्थापना सहजकर्ताको व्यवस्था गर्न २५% लागत साझेदारी गर्ने निर्णय गरियो ।साथै तपसिलका व्यक्तिहरुलाई सहजकर्ताको जिम्मेवारी दिने निर्णय गरियो ।<br><br>तपसिल<br>➢ राम प्रसाद खड्का (सहायय शिक्षा अधिकृत छैटौं), शिक्षा शाखा<br>➢ कलिभान विष्ट (सिअहेव ), स्वास्थ्य शाखा<br>➢ कल्पना देवकोटा के सी (सहायक महिला विकास निरिक्षक), महिला. बालवालिका तथा जेष्ट नागरिक शाखा | |

स्थानीय सरकार
पुथा उत्तरगङ्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत